# किरात सभ्यता निर्माणमा मुन्दुमी महिलाहरूको भूमिका

सरिता राई[१]

<saritabantawa1176@gmail.com>

DOI : https://doi.org/10.3126/kp.v5i5.95208

**लेखसार**

*प्रस्तुत लेख किरात सभ्यता निर्माण गर्नका लागि किराती राई समुदायका महिलाहरूको भूमिका र योगदानसँग सम्बन्धित रहेको छ । किराती समुदायमा प्रचलित मुन्दुमअनुसार आदिम समाज मातृसत्तात्मक थियो । मुन्दुमी मिथकअनुसार आदिम समाजको नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदर्श मुन्दुमी महिला पात्रहरु बजु चिनीमा, सुम्निमा/हेन्खामा/रिभ्याँमा, नाईमा, तयामा, खियामा, सोइसोइला आदि थिए । मुन्दुमी महिलाहरूले आदिम किरात सभ्यता निर्माणका क्रममा गरेका योगदानबारे उजागर गर्ने यस लेखको मुख्य उद्देश्य रहेको छ । यो लेख किरात राईहरूको भाषा, धर्म, संस्कार संस्कृति र मुन्दुमसम्बन्धी अध्ययन भएकाले यसलाई पूरा गर्नको लागि गुणात्मक र वर्णनात्मक अनुसन्धान विधिलाई अवलम्वन गरिएको छ । यसको तथ्याङ्क प्राप्त गर्नको लागि प्राथमिक स्रोतको रूपमा विभिन्न मुन्दुमी, रिसीमी, नछोङ, धामी साथै जानकार व्यक्ति व्यक्तित्वहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लगायतका विधिहरूलाई अपनाइएको छ । द्वितीयक स्रोतको रूपमा विषयसँग सम्बन्धित प्रकाशित पुस्तक, किरात राई मुन्दुम र मिथकसँग सम्बन्धित प्रकाशित पुस्तकहरु, अप्रकाशित पुस्तकहरु, शोधपत्र, ई-लाइब्रेरी, जर्नल आदिको उपयोग गरिएको छ ।*

**शब्दकुञ्जीः** मुन्दुम, माङ, सभ्यता, संस्कृति, मिथक ।

## विषयपरिचय

किरात सभ्यता नेपालको सर्वप्राचीन इतिहास तथा प्रकृतिसँग जोडिएको जीवनदर्शन, समतामूलक सामाजिक मूल्य र मौलिक संस्कृति हो । यसरी मानव समाजले लामो समयसम्म विकास गर्दै ल्याएका सङ्गठित जीवनप्रणाली जुन मानिसको व्यवहारमा प्रतिविम्बित हुन्छ । किरात राई समुदायले आफ्नो छुट्टै सांस्कृतिक पहिचानसहित विकास गरेको जीवनशैली किरात सभ्यतामा योगदान गर्ने मुन्दुमी महिलाहरूको भूमिकाबारे अध्ययन गरिएको छ । राईहरूका मौलिक जीवनदर्शनका रूपमा मुन्दुमलाई मानिन्छ । जुन एकै जनाले सिर्जना गरेको नभई सामूहिक अभ्यास र हजारौँ वर्षको अनुभव, ज्ञान, सिपकलाको समुचित रूप हो । यसको विकास गर्ने सन्दर्भमा धेरै किराती महिलाहरूको भूमिका तथा योगदान रहेको पाइन्छ । किराती समाज मातृसत्तात्मक व्यवस्थाबाट विकसित भएकाले मातृहरूको महत्वपूर्ण योगदान रहेको पाइन्छ । मुन्दुमी महिलाहरु भन्नाले किरात राई मुन्दुम धर्मअनुसार

१ राई त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभागबाट स्नातकोत्तरत हुनुहुन्छ ।

आफ्नो जीवनशैली, संस्कार संस्कृति, सामाजिक आचरण मूल्यमान्यतालाई पालना गर्ने ज्ञान भएका र मुन्दुममा बलियो स्थान बनाएका किराती महिलाहरु हुन् भन्ने बुझिन्छ । उनीहरूको नाम मुन्दुममा उच्चारण अनिवार्य रूपमा गरिन्छ वा यी महिलाहरूका नाम नलिए मुन्दुम अपुरो पनि हुन्छ ।

मुन्दुमी महिलाहरु बजु चिनीमा, सुम्निमा/हेन्खामा, नाइमा, तयामा, खियामा आदि महिलाहरु जसले किरात सभ्यताको आदिम कबिला युगमा मातृसत्तात्मक समाजको नेतृत्व गर्दै अहिलेको विकसित समाजसम्म ल्याएका हुन् ।[२] किरात राई मुन्दुमअनुसार सांस्कृतिक शुभकार्यहरूमा माङ पुजिन्छ । माङको अर्थ बजु/महिला देवी भन्ने हुन्छ । 'राईहरूले सांस्कृतिक शुभकार्यहरु गर्दा जस्तैः शुभविवाह, नयाँ घर बनाएर तीन चुला राख्दा/गाड्दा, छोरीलाई जुवाईँको घर पठाउँदा, उँधौली/उँभौली गर्दा, सुप्तुलुङ अनुष्ठान गर्दा र मृत्यु संस्कार गरेको दिन माङ पूजा गरिन्छ' (चामलिङ, २०७४, पृ.१-२)।[३] यसरी किरात राई समुदायमा माङपूजा गर्नु भनेको मातृसत्तालाई मान्नु वा महिलाहरूको नेतृत्व स्वीकार गर्नु हो । यसैगरी किरात राई समाजमा अहिले पनि विवाह संस्कारमा बेहुलीलाई अगाडि हिडाउनु, कोम्बी[४], सिक्का सांस्कृतिक हतियार उपहार दिनु, अन्नबाली भित्र्याउँदा, साकेला पूजा गर्दा रूङरी (सह) अनिवार्य रूपमा कन्या केटीले बोक्नु पर्दछ । यसले पनि महिलाको भूमिका सशक्त रहेको देखिन्छ । राईहरु कुलदेवता मछामा/मोछामा, साम्खा बुढी बजुको सांस्कृतिक प्रतीक मान्दै आएकाले उनकै नाममा माछामा सिली नाच्दै आएको पाइन्छ । यसरी मुन्दुम तथा सांस्कृतिक अनुष्ठान कार्यहरूमा आदर्श पात्रहरूको रूपमा महिलाहरूको भूमिका उल्लेखनीय रूपमा रहेको पाइन्छ ।[५]

मुन्दुमी महिलाहरूको भूमिका बारेमा अध्येताहरूबाट विभिन्न समयमा विभिन्न दृष्टिकोणले अध्ययनहरु गरिएका छन् । हार्ताम्छालीका अनुसार महिलाहरु कबिला युगका हर्ताकर्ता थिए (२०८१ पृ.२०५) । यस भनाइअनुसार आदिम समयमा महिलाहरु नेतृत्वमा थिए । चाम्लिङ (२०७१) का अनुसार आदिम मानव पुर्खा चिनीमा ज्ञानकी नेतृ हुन् । यसैगरी राईका अनुसार नाइम्मा, चिनिमा,र मोछामा जस्ता मिथकीय महिलाहरूले मातृसत्तात्मक ब्यवस्थाको प्रतिनिधित्व गर्दछ (राई, २०७२, पृ.२९) । यसको अर्थ किराती सभ्यताको प्रारम्भकर्ता महिला भएको प्रमाणित हुन्छ । सुम्निमालाई पहिलो सृष्टिकर्ता मानेका छन् (राई, २०८१, पृ.१५४) । हतुवालीका अनुसार किरात राईहरूको सांस्कृतिक साकेला गीतको उत्पत्ति पनि चेली सोइ सोइलाले गरेका थिए (२०६४, पृ.२२) । राईहरूले पगरी संस्कृतिको सुरूवात्कर्ता पनि चेली सोई सोइलालाई मानिन्छ । आदिम नारी तयामा र खियामालाई सिपकलाको जननी/आमा मानेका छन् । उनीहरूले सिर्जना गरेका खाडी कपडा नै कपडा बुनाइको पहिलो सिर्जना थियो ।[६] तर योभन्दा पहिला सुम्निमाको पालामा नै कपडा बुनाइ सुरू भएको थियो (राई, २०७१, पृ.नभएको) । यस आधारमा तायामा र खियामाले भने निरन्तरता दिएको भन्ने देखिन्छ । यसरी प्रारम्भ भएको भेषभूषा नै अहिलेको मौलिक भेषभूषाको प्रारम्भिक रूप थियो । यसरी किरात सभ्यता निर्माणमा मुन्दुमी महिलाहरु नै आदर्श पात्रको रूपमा रहेका थिए । उल्लिखित महिलाहरूले किरात

२ चन्द्र हतुवाली, २०८२, माघ ०२, व्यक्तिगत अन्तर्वार्ता ।

३ रामचन्द्र रूपाबुङ्, व्यक्तिगत अन्तर्वार्ता, २०८२,-भदौ -१८ गते ।

४ खुर्पा ।

५ शालिक राई, व्यक्तिगत अन्तर्वार्ता, २०८२ ।

६ शालिक राई, २०८२, व्यक्तिगत अन्तर्वार्ता ।

राईहरूको संस्कार संस्कृति, भाषा-धर्म, मुन्दुम, पहिचान, सिपकाल ज्ञानको विकासमा उल्लेखनीय रूपमा योगदान गरेको कुरा मुन्दुममा व्याख्या गरिएको पाइन्छ । यस्तो हुँदाहुँदै पनि अहिलेसम्म यस विषयमा प्राज्ञिक अध्ययन अनुसन्धानको अभाव देखिएकाले अध्ययन गर्न खोजिएको छ । यो लेखको केही मुन्दुमी महिलाहरु बजु चिनीमा, सुम्निमा, सोईसोइला, सिल्ट्टाङकुप्मा, तयामा र खियामा आदि मुन्दुमी महिलाहरूको भूमिकालाई मुख्य रूपमा चर्चा गर्ने उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन विषयवस्तु र प्रकृतिको हिसावले मौलिक र मुन्दुमी मूल्य मान्यतासँग सम्बन्धित भएकाले यस अध्ययनमा गुणात्मक विधिलाई अवलम्वन गरिएको छ । यस अध्ययनका तथ्याङ्कहरु प्राथमिक र द्वितीयक स्रोतको आधारमा प्राप्त गरिएका छन् । यी तथ्याङ्कहरु प्राप्त गर्नको लागि यस विषयसँग सम्बन्धित किरात राई नछङ्हरु साथै यस विषयविज्ञहरूसँग व्यक्तिगत अन्तरर्वार्ता लगायतका विधिहरु अपनाइएको छ । यसैगरी द्वितीयक स्रोतहरु यस विषयसँग सम्बन्धित प्रकाशित पुस्तकहरु, अप्रकाशित पुस्तकहरु, शोधपत्र, ई-लाइबेरी, विषयसम्बन्धी जर्नलहरूको अध्ययन गरी तयारी गरिएको छ ।

## प्राप्ति तथा नतिजा

### किरात सभ्यता निर्माणमा योगदान गर्ने मुन्दुमी महिलाहरू

सामान्य अर्थमा सभ्यता भनेको कुनै पनि जाति वा राष्ट्रको सामाजिक, भौतिक, आध्यात्मिक आदि अवस्था र प्रगतिको प्रतिविम्ब भन्ने बुझिन्छ । व्यापक अर्थमा सभ्यता भन्नाले मानव समाजले प्रकृति, समय र एक आपसको सम्बन्धसँग सङ्घर्ष, सहकार्य र सिर्जनाको सहकार्यमा दीर्घ विकास गरेको जीवन प्रणाली, मूल्य, चेतना, ज्ञान प्रणाली, प्रविधि, संस्था र प्रतीकहरूको समग्र संरचना हो । सभ्यताभित्र केवल सहर, भवन, प्रविधि, लेखन प्रणाली मात्र होइन मानिसहरूले कसरी सोच्दछन् ? कसरी प्रकृतिसँग अन्तरसम्बन्धित भएर बाँच्दछन् ? कसरी व्यवहार गर्दछन् ? सत्ता र नैतिक ज्ञानलाई कसरी अर्थ दिन्छन् ? भन्ने सम्पूर्ण चेतनागत ढाँचा पनि हो । किरात सभ्यताको विकासको क्रममा हजारौँ वर्ष व्यतित भएकाले भाषा, धर्म-संस्कार, संस्कृति, इतिहासको निर्माण भएको पाइन्छ । यही सभ्यता निर्माणमा महत्वपूर्ण योगदान गर्ने आदिम पात्रहरु छन् । किरात सभ्यता निर्माणमा योगदान गर्ने मुन्दुमी महिलाहरु, मुन्दुमअनुसार किरात सभ्यता तथा समाज निर्माण गर्ने मुन्दुमी पात्रहरु को को थिए भन्नेबारे खोजी गर्दा धेरै मुन्दुमी महिला पात्रहरूको नाम प्राप्त भएका छन् । उनीहरूले किरात सभ्यता निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेकाले किरात मुन्दुम र मिथक र आदर्श पात्रहरूमा महिलाहरूको उल्लेखनीय भूमिका रहेको तथ्यहरु प्राप्त भएका छन् (सुनुवार, २०७७, पृ.७९-८३) । जस्तैः बजु/पीपी वादेम  हेम्खामा/सुम्निमा, चिनीमा, तयामा र खियामा, नाइमा ।

दोलोकुम्मा, रिभ्यामा (चाम्लिङ, २०८१, पृ.८०) । दोलोकुम्मा चिप्लीहमा, मरेन्मा, रोरोकीमा, माङछाबुङमा, कोरीबुङमा, वाहिलीबुङमा, तपुलाहाङमा, डाङकोलिमा, रनभेम्मा, चिप्लिहमा, छेन्चीमा, सुजुमा, कुहुमा, जाउमा, ख्लिउमा, हैखामा, निनाम्मा, नीयामा, रूपुचुङमा सत्माहाङमा, सित्रीरीमा, सिकुरिमा, नाकीमा, बेरालीमा, चात्रधिमा, पिचादाङमा, निनियकमा, सालोतुम्मा, वाबुमा, मछकमा, वाहिलिमा, चिप्चीलुङमा, ममजीमा, मिमजीमा, ज्वामा, तिप्खुमा, डाङकोलिमा, लेमलेमा, बेलेचिमा,

हिच्चेरूमा, मालुङमा, छयालुङमा, नामदलेमा, सिबिलिमा रङडोलीमा, सात्नानछेनमा, साङगेनिमा, रूवानिमा, दोदोमा, इस्सामा, बेलारिमा, नाछुरमा, बेलेच्चिमा, नाधिलुङमा, चाम्रीहमा आदि रहेका छन (राई, २०८० पृ.२५) । माथि उल्लेखित मुन्दुमी महिला पात्रहरूले किरात सभ्यताको जग बसाल्ने कार्यमा अहम भूमिका निर्वाह गरेको पाइन्छ । किरात राई मिथक-मुन्दुम तथा इतिहासअनुसार आदर्श पात्रको रूपमा मुन्दुमी महिलाहरूको नाम पुरूषको तुलनामा अगाडि रहेकाले आदिम सिकारी कबिला युगमा मातृसत्तात्मक समाजबाट विकास भएको मानिन्छ । उल्लेखित महिला पात्रहरु मध्ये बजु चिनीमा, सुम्निमा, तयामा, खियामा, सोईसोइला, सिल्टाङकुप्मा आदि मुन्दुमी महिलाहरूको भूमिकाहरूलाई निम्न रूपमा चर्चा गरिएको छ ।

### आदिम पुर्खा चिनीमा बजु

किरात मुन्दुमअनुसार चिनीमा नै पहिलो मानव महिला थिइन् (चाम्लिङ, २०७७) । बजु चिनीमा उत्पत्तिको कथाअनुसार "यो पृथ्वीमा पानी नै पानी थियो । पानीबाट बैकुवा (उन्युँ) पलायो । पात सुकेपछि त्यहीँ पातबाट धमिराको उत्पत्ति भयो । धमिराले माटो खाँदै निस्कँदा माटोको थुप्रो बन्यो र एक भागमा पानी र अर्को भागमा घाम भयो । जुन भागमा घाम र पानी भेट भयो त्यही ठाउँमा चिनीमा बजुको उत्पत्ति भएको थियो । क्रमिक रूपमा चिनीमाको कोखबाट जेठा सन्तान बाघ (चाप्चा), माइला भालु (ब्यर्पा), साहिँला कुकुर (खिपा), कान्छा मान्छे (हँछा) को जन्म भयो । यसरी देवता र जङ्गली जनावरहरूको जन्म भयो । बजु चिनीमाले आगो उत्पत्ति गर्दै सेउलाको घर निर्माण (थालीखिम) को ज्ञान दिनु भयो । घामको लर्को जस्तो छायाँबाट मुन्दुमको उत्पत्ति गराउनु भयो । धामी हर्कबुङको उत्पत्ति गरी मुन्दुम सिकाउनु भयो ।"[७] यसरी हेर्दा किरात राईहरूको मुन्दुमको सुरूवात्, धामी नछोड्को उत्पत्ति, खेतीपातीको सुरूवात् महिला बजु चिनीमाबाट भएको देखिन्छ । बजु चिनीमाको योगदानहरु मुन्दुमको सुरूवात्, घर निर्माण गरी बस्ने, नछोङ माङ्पाबाट मुन्दुम बाचन गर्ने, तान्त्रिक विधि, खेतीपाती प्रणालीको सुरूवात् भएको देखिन्छ ।[८]

### आदिम पुर्खा सुम्निमा

किरात मुन्दुमअनुसार आदिम बजु सुम्निमाले किरात सभ्यता निर्माणमा अहम् भूमिका निर्वाह गरेको मुन्दुममा व्याख्या पाइन्छ । सृष्टिकालमा रिब्रिमा (सुम्निमामाको रूपमा पनि लिइन्छ) र साल्पालाई पारूहाङको (साल्पालाई पारूहाङको रूपमा पनि लिइन्छ) जवान हुनु भयो । रिब्रिमाले साल्पासँग यौन चाहना पूरा गर्ने इच्छा राख्नु भयो । माइती-चेली हुने भएकाले यौन चाहना गर्न मिल्ने सम्भावना नै भएन । साल्पाले छेत्कुमा (चेली) भने "अब म साल्पा पोखरी गएर बस्छु । तिमीले यहीँ जङ्गल फाँडेर फेसा (कगुनी), पाङ्दुर (एक प्रकारको कादो), घैया आदि छरेर खेतीपाती गरेर बस्नू ! अन्नबाली पाकेपछि म याङ्भोक (बँदेल) बनेर खान आउँछु । तिमीले छेउमा पासो थाप्नु ! म त्यो पासोमा परेर मर्छु । तिमीले मुन्दुम फलाक्दै रक्खे खाचासहितको सोलेन्वा र बेछुकले मलाई छर्कनू ! म ब्युँझिन्छु । मैले पुनर्जन्म लिएपछि हाम्रो माइती-चेलीबिचको नातासम्बन्ध पनि टुट्छ अनि विवाह गरेर धर्तीभरि शाखा-सन्तान फैलाएर बस्नु पर्छ । रिब्रिमा राजी हुनुभयो (पुमा, २०८१, पृ.१३८) । यसरी आदिम सिकारी कबिला युगमा चेली माइतीबिच विवाहको चलनलाई परिवर्तन गर्नु विभिन्न

७ शालिक राई, व्यक्तिगत अन्तर्वार्ता २०८०/२/७ गते ।

८ ढकबहादुर माङपा व्यक्तिगत अन्तर्वार्ता, २०८२ भदौ २७ गते ।

समय अनुसार जुनी/चोला फेरेर त्यो परम्परालाई अन्त्य गरेको कुरा मुन्दुममी प्रसङ्ग रहेको पाइन्छ । सुम्निमाले चेलीमाइतीबिच विवाहको परम्परालाई परिवर्तन गर्न रिमेम/नाइमा/रिभ्याँमा/हेन्खामा जस्ता अनेक नाममा उनले फरक फरक भूमिका निर्वाह गरेको मुन्दुममा व्याख्या गरिएको छ । मिथकअनुसार सृष्टिको आरम्भमा पृथ्वीलोकमा सालपा र नाइमा/रिब्रिमा दुई माइति-चेली मात्र थिए । उनीहरूले विवाह गरेका थिए । उनीहरूले पछि मात्र आफूहरु माइति-चेली भएको थाहा पाए । दाजु र बहिनीबिच विवाह गर्न नहुने भएकाले चोला बद्लेर विवाह गर्ने सल्लाह गरे । सालापा रँभो (बदेल) रूप धारण गरेर साल्पा पोखरीमा ध्यानस्थ अवस्थामा सुते । त्यही भएर धामीहरु साल्पामा रँभो सिली गर्ने गर्दछन् । सुम्निमाले सालपाको खोजीमा चराचुरूङ्गीहरूलाई पठाए । त्यस क्रममा तुइरा (सुइसुइ कराउने चरा) माक्वा (कल्चुँडो) चेन्चेन्वा (पदुवाचरी) र तयामा (मयुर) खियामा (धनेष) चराहरु, ताङतुमी (धोबिनी) चराले निनाम्मा त साल्पा पोखरीभित्र पो मस्त सुतिरहेको पत्ता लाग्यो (पुमा, २०८१, पृ.१३६) । उनीहरु पोखरीमा पस्न नसक्ने भएकाले बाजीकुहाङ् (गङ्गटो) ले सालापालाई टोकेर उठाइदियो । सालापा उठेपछि पुनः नाइमा/रिब्रिमाले खेतीपाती गरेको कगुनी (फँरो) बारीमा आएर खाने दल्ने गर्न थाले । नाइमा/रिब्रिमाले बदैँलरूपी सालापालाई पासो थापेर मारेर खाइन् जसले गर्दा सालापा पुनः मानव जुनीमा फेरिए । सालापा र नाइमा/रिब्रिमाले पुनः विवाह गरे (चाम्लिङ, २०८१, पृ.२०९ र २१०) । यसरी जुनी फेरिएपछि साल्पा र रिमेम विवाह गर्न योग्य भए र उनीहरूबिच विवाह भएको किरात राई मिथकमा वर्णन गरिएको छ । यसरी सुम्निमाले पारूहाङ्लाई उनीहरूको विवाहमा अम्लारीबुङको दोलो बनाएर शिरमा पहिराएकी थिइन् । त्यही समयबाट पगरी गुठाउने परम्पराको थालनी भएको मान्न सकिन्छ (राई, २०८१ पृ.११४) । यस मिथकलाई अध्ययन गर्दा किरात राईहरूको पुर्खा आदिम बजु सुम्निमाले विभिन्न रूप धारण गरी किरात सभ्यता निर्माणमा अहम भूमिका र योगदान गरेको पाइन्छ । यो परम्परालाई परिवर्तन गर्न सुम्निमाले रिभ्याँमा/रिभ्रिमा/नाइमाको रूप धारण गरेकी थिइन् । यसैगरी सुम्निमाले कृषि युगको थालनी गरी किरात राई समुदायमा योगदान पुऱ्याएको मिथकमा व्याख्या पनि पाइन्छ । यसरी किरात राईहरूको सांस्कृतिक शिरपोस/पगरी संस्कृतिको विकासमा सुम्निमाको योगदान रहेको पाइन्छ ।

**आदिम नारी तयामा र खियामा**

सिपकलाको जननी/आमा आदिम नारी तायामा र खियामाले आफ्नो जीवन गुजाराको लागि गरेको सङ्घर्ष नै वास्तवमा किरात समुदायमा प्रेरणादायक ज्ञान र मुन्दुमको रूपमा रहेको छ । उनीहरूले कपासको फूलबाट धागो बाटेर तान बुन्ने सिपकला विकास गरी किरात सभ्यता तथा समाजमा कपडा लगाउने परम्परा चेतनाको विकास गरेको मानिन्छ । यसैगरी आदिम नारी तयामा र खियामाले आफ्नो भाइको मृत्यु मानेर चिहानमा एउटा कर्द, वाबु, तुप्ला (चिण्डो, केराको पात) राखेका थिए । त्यही समयबाट किरात राईहरूको मृत्यु संस्कार तथा अन्य संस्कार संस्कृतिहरूमा मातृसत्ताको प्रतीक तुप्ला (केराको पात) माथि वाबु राख्ने परम्परा रहेको पाइन्छ । तुप्ला भनेको महिला प्रतिनिधिको प्रतीकको रूपमा मानिन्छ ।[९] यसरी नै तयामा र खियामाले दिदीबहिनी छुटेको वियोगमा फूल रोपेका थिए । त्यही समयबाट फूल रोप्ने परम्पराको विकास भएको किरात राई मिथकमा पाइन्छ । यसैगरी अर्को मिथक अनुसार माईति खक्चुलुक्पाको घरपूजाको निमन्त्रणामा

९ हार्ताम्छाली, २०८०, प्रत्यक्ष अन्तर्वार्ता ।

चराको रूपमा आएका तयामा र खियामाले आपनो आठ आठ वटा प्वाँख उपाहार दिएका थिए । त्यहि परम्परा पुस्तामा हस्तान्तरण हुनेक्रममा १६ वटा तामाको टुक्राबाट २ टुक्रा सोघाउनी वा साङ्चेप राख्ने परम्परा सुरूवात् भएको पाइन्छ (राई, २०८२, पृ.२७) । यही समयबाट किरात राई समुदायमा साङ्चेप राख्ने परम्पराको सुरुवात भएको किरात मिथकहरूमा उल्लेख गरिएको छ । यसैगरी यसरी मुन्दुमी महिलाहरूले निर्माण गरेको किरात संस्कार, संस्कृति, मुन्दुम, रिसिया, रितिरिवाज, परम्परा, धर्म, भाषा, सामाजिक मूल्यमान्यता मुन्दुममा बारम्वार दोहोरिनुले किरात सभ्यतामा मातृसत्ता रहेको पुष्टि हुन्छ । अझैँ पनि किरात राई समाजमा उल्लिखित सिपकला, मुन्दुम, सामाजिक मूल्यमान्यताहरु जीवित रहेको पाइन्छ ।

## किराती चेली सोइसोइला र सिल्टाङकुप्मा

करिब ७ औँ शताब्दीतिर हालको दोलखा जिल्लाको किरातीछाप रहेको क्षेत्रमा राजा बुढाहाङ नामक किराती राजाले राज्य गर्दथ्यो । राजा बुढाहाङको दुई श्रीमती सिल्टाङकुप्मा र वासाङकुप्मा थिए भने एक जना चेली सोइसोइला थिइन् । सिल्टाकुप्मा सिली (नृत्य) मा पारङ्गत थिइन् । राजा बुढाहाङले पटक पटक युद्धमा हार बेहोरेका थिए । त्यसैले चेली सोइसोइलाले माइती राजा बुढाहाङको शिर ढल्यो भन्दै साकेलाको आयोजना गरेर माइतीको शिर उठाउने निधो गरिन् ।[10] बल शक्ति प्राप्तिको लागि सुम्निमा र पारूहाङको छोरा हेन्कबुङको प्रतिमा स्थापना गरी पूजा आरधना गर्ने निधो भयो । सोहीअनुसार विभिन्न सामाग्रीहरु जुटाए । चेली सोइसोइलाले आम्लाबुङको दोलोकुम (श्रीपेज) बुनेर दोलो राजालाई लगाइदिइन् । दोलोमा एउटा लरक्क लर्किएको चारको प्वाँख थियो । राजालाई त्यो प्वाँख अति मन पर्‍यो । त्यो प्वाँख के को हो भनेर बहिनीलाई सोध्दा बहिनीले भिङ्मा चराको प्वाँख हो भनेर भनिन् । राजाले आफ्नो चेलीलाई दोलो बोक्नु लगाई त्यही चराको नामबाट ढोल, झ्याम्टाको लय, ताल, निकाल्न लगाई हेनकुबुङ्सँग शक्ति माग गर्नका निमित्त धनुकाँड, सोलोय, ढोल, झ्याम्टा लिएर पुज्नु हिँडेका थिए ।

सिल्टाकुप्माको सिली गर्ने जिम्मा रहेको थियो । यही समयबाट नछोङ, माङ्पाले चराको प्वाँख शिरमा लगाउने परम्परा रहेको छ । हेन्कुबुङको स्थापना गरेर राजाले पूजा गर्न थालेको थिए । चेली सोइसोइलाले दोलो क्रमशः कम्मर, काँध र शिरमा लगाउने समयमा अचानक उनको हातबाट दोलो खस्यो र अशुभ भयो भन्दै चेली सोइसोइला त्यहाँबाट अल्पिन् र राजा बुढाहाङले पटक पटक चेली सोइसोइलालाई सोइसोइला, सोइसोइला भन्दै बोलाउँदा बोलाउँदै साकेला गीतको उत्पति भएको कुरा किरात मिथकमा रहेको छ (हतुवाली, २०६४, पृ.२२) । यसरी पगरी/दोलो निर्माण गरी शिर उठाइने परम्पराको थालनी गर्ने पहिलो आदिम चेली सोइसोइला थिइन् । यस अर्थमा किरात राई समाजमा पगरी संस्कृति निर्माणमा चेली सोइसोइलाको भूमिका रहेको मानिन्छ । यसैगरी साकेन्वा/साकेला सिलीको नाचको नेतृत्व गर्ने पहिलो मुन्दुमी पनि महिला सिल्टाङकुप्माले गरेकी थिइन् । यसरी हेर्दा साकेला गीतको जन्म मुन्दुमी महिलाको नामबाट उत्पत्ति भएको देखिन्छ । किराती राजाहरूले पहिरिने शिरपोस पगरी/दोलो (श्रीपेज) निर्माण गर्ने अवधारण, सायाचोङमा/सायारेम्मा (शिर उठाउने) परम्परा, साकेला सिलीको नेतृत्व पनि महिलाले नै गरेको पाइन्छ ।

---

१० शालिक राई, २०८०, व्यक्तिगत अन्तर्वार्ता) ।

## विमर्श

विश्वमा विभिन्न किसिमका सभ्यताहरूको विकास भएको देखिन्छ । ती सभ्यताहरूमध्ये एक प्रमुख किराती सभ्यता पनि हो । किराती सभ्यतामा आदिम कबिला युगमा महिलाहरु नै समाजको हर्ताकर्ता थिए । उनीहरूले नै ज्ञान, सिप र कलाको आविष्कार पनि गरेका थिए । कबिला युगमा सामूहिक सम्पत्ति, सामूहिक श्रम गर्ने साथै एउटा कोखमा जन्मिएको चेली माइतीबिच पनि विवाह हुने कुरा उल्लेख गरिएको छ । सृष्टिकालमा विश्वभरी नै माइती-चेलीबिच विवाह हुने गरेको कुरा अर्थात् मानव समाजमा प्रचलित विवाहको पहिलो रूप नै माइती चेलीबिचको विवाह थियो (चाम्लिङ, २०८१, पृ.२१०) । यसरी हेर्दा प्राचीन सिकारी ढुङ्गेयुग समाजमा ठुलो सङ्ख्यामा सामूहिक रूपमा बस्थे र परिवारभित्र विवाह हुने परम्परा रहेको पाइन्छ । यसरी महिलाहरूले नेतृत्व गरेको आदिम समाजमा सामूहिक परिवार, सामूहिक सम्पत्ति, सामूहिक श्रम गर्ने परम्परा रहेको पाइन्छ । यस समाजको नेतृत्व मुन्दुमी महिलाहरूले गरेको पाइन्छ । त्यसकारण किरात सभ्यता निर्माणमा महिलाहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइन्छ । मूलतः किरात सभ्यता निर्माणको क्रममा योगदान गर्ने महिलाहरूमा चिनीमा, सुम्निमा/रिब्रिमा/हेम्खामा, सोइसोइला, सिल्टाङकुप्मा, तयामा र खियामा आदि व्यक्तित्वहरु रहेका छन् । त्यसैगरी किरात राई समाजमा पगरी फेटा संस्कृति निर्माणमा चेली सोइसोइलाको भूमिका रहेको पाईन्छ ।

साकेन्वा/साकेला सिलीको नेतृत्व वा सिलीमुमा गर्ने पहिलो मुन्दुमी महिला सिल्टाङकुप्माले गरेकी थिइन् भने तयामा र खियामाले कपासको फूलबाट धागो बाटी कपडाको आविष्कार गरी कपडा लगाउने चेतनाको विकासमा योगदान रहेको देखिन्छ । त्यसैगरी साकेला गीतको जन्म मुन्दुमी महिलाको नामबाट उत्पति भएको पाइन्छ । त्यसैगरी किरात सभ्यताको विकासमा महिलाहरूले थालनी गरेको संस्कार, संस्कृति, रितिरिवाज, परम्परा, धर्म, भाषा, सामाजिक मूल्य मान्यताहरु किरात राई समुदायको विवाहमा गरिने साङ्चेप राख्ने परम्परा, सायाचोङमा/साइरेम्मा (शिर उठाउने) परम्परा अझैँ पनि किरात राई समाजमा मातृसत्ताको अवशेषको रूपमा जीवित रहेका छन् । यसको उदाहरणको रूपमा अहिले पनि मुन्दुममा सुम्निमाको नाम पारूहाङको नाम भन्दा अगाडि आउनु, महिलाहरूको नाम बारम्वार मुन्दुममा उच्चारण हुनु, महिलाहरूको तुलनामा पुरूषको भूमिका नगन्य रहनुले किरात सभ्यताको नेतृत्व महिलाहरूले नै गरेको पुष्टि हुन्छ । त्यसकारण किरात सभ्यताको नेतृत्व मुन्दुमी महिलाहरूले गरेको र त्यसको अवशेषहरु किरात राई समुदायमा अझैँ पनि जीवित रहेका छन् ।

यस्ता उदाहरण लागि श्रीमानले सम्पति कमाएर श्रीमतीलाई दिनु मातृसत्तात्मक समाजको अवशेष हो । त्यसैगरी किरात राईहरूको विवाह संस्कार आदिमा अहिले पनि बेहुलीलाई अगाडि हिडाउँनु, कोम्बी र सिक्का सांस्कृतिक हतियार उपहार दिनु, अन्नबाली भित्र्याउँदा, साकेला पूजा गर्दा रूङरी (सह) बोक्ने कन्या महिला नै अनिवार्य रहेकाले किरात राई समाजमा अहिले पनि महिलाहरूको मातृसत्ता/हैकम जीवित रहेको पाइन्छ । यसैगरी भाषिक हिसाबले पनि किरात राई महिलालाहरूलाई विभेद देखिदैन समान क्रियापदहरूको प्रयोग गरिन्छ । उदाहरण लागि नेपाली भाषा अनुसार **राम घर गयो, सीता घर गईन** । किरात बान्तावा भाषा अनुकसार **सुम्दमा खिम्दा मखारा (सुम्निमा घर गयो) । पारूहाङ, खिम्दा मखारा (पारूहाङ, घर गयो)** (राई, २०७८, पृ.२४) । यसरी हेर्दा किरात राई समुदामा बर्तामान समयमा पनि महिलाहरूको स्थान सम्मान र समान रहेको पाईन्छ ।

## निष्कर्ष

किरात सभ्यताको विकासमा विभिन्न मुन्दुमी महिलाहरूको भूमिका उल्लेख्य रूपमा रहेको छ । किरात सभ्यता नेपालकै सर्वप्राचीन इतिहास पनि हो । यो किरात राई समुदायको जीवनदर्शन, समतामूलक सामाजिक मूल्य र मौलिक संस्कृतिको प्रतीकको रूपमा मान्दै आएका छन् । सभ्यताले विकास गरेको आदिम समाज महिलाहरूले नेतृत्व गरेको पाइन्छ । जहाँ सामूहिक परिवार, सामूहिक सम्पत्ति, सामूहिक श्रम गर्ने परम्परा रहेको थियो भने संस्कार, संस्कृति र धार्मिक विश्वास, साझा प्राकृतिक र समुदायमैत्री रहेको पाइन्छ । किरात मुन्दुमअनुसार समुदायमैत्री प्राचीन समाजका मुन्दुमी महिलाहरू चिनीमा, सुम्निमा/नाइमा/रिब्रिमा/हेम्खामा, सोइसोइला, सिल्टाङकुप्मा, तयामा र खियामा आदि हुन् । त्यसैगरी कृषियुगको सुरुवात् गरी स्थायी रूपमा घर निर्माण गरी बस्ने चेतनाको विकासमा बजु चिनीमाको योगदान रहेको पाइन्छ । आदिम पुर्खा  बजु सुम्निमाले जुनी परिवर्तन गरेर मातृसत्तात्मक समाजमा रहेको चेली माइतीबिच विवाहको व्यवस्थालाई परिवर्तन गरेका थिए । आदिम नारी तयामा र खियामाले आफ्नो जीवन गुजाराको लागि गरेको सङ्घर्ष किरात समुदायमा प्रेरणादायक ज्ञान, मुन्दुमको रूपमा रहेको छ । उनीहरूले कपासको फूलबाट धागो बाटेर तान बुन्ने सिपकला विकास गरी समग्र मानव समाजमा कपडा लगाउने परम्परा चेतनाको विकास गरेको मानिन्छ । पगरी/दोलो निर्माण गरी शिर उठाइने परम्पराको थालनी गर्ने पहिलो आदिम चेली सोइसोइलाले गरेकी  थिइन् भने किरात राई समाजमा पगरी संस्कृति निर्माणमा चेली सोइसोइलाको भूमिका रहेको पाइन्छ । साकेन्वा/साकेला सिलीको नेतृत्व वा सिली मुमा (साकेला नाच/नृत्यको नेतृत्व गर्ने महिला) गर्ने पहिलो मुन्दुमी महिला सिल्टाङकुप्माले गरेकी थिइन् । साकेला गीतको जन्म पनि मुन्दुमी महिलाको नामबाट उत्पति भएको पाइन्छ ।

किराती राजाहरूले पहिरिने शिरपोष पगरी/दोलो (श्रीपेज) निर्माण गर्ने अवधारणा, सायाचोङ्मा/सायारेम्मा (शिर उठाउने) परम्परा, साकेला सिलीको नेतृत्व पनि महिलाहरूले नै गरेको पाइन्छ । यसरी किरात राईहरूको संस्कार, संस्कृति, भाषा, धार्मिक विश्वास, मुन्दुम र सिपकलाको विकासमा मुन्दुमी महिलाहरूको योगदान रहेको प्रस्ट हुन्छ । यसैको प्रतिफल स्वरूप अहिले पनि किरात राई समुदायको सांस्कृतिक शुभकार्यहरूमा माङ् पुज्ने परम्परा जीवित रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


चाम्लिङ, भोगीराज (सम्पा.) (२०७१), *मुन्दुम*, किरात राई चाम्लिङ् खाम्बातिम ।

चाम्लिङ, भोगीराज, राई, तारामणि, हतुवाली चन्द्रकुमार राई र राई, शालिकराम (सम्पा.) (२०८१). *साल्पा सिलीचुङ्- सिलिछो, मुन्दुमी, मिथक र विश्वास*, साल्पा सिलीचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति ।

पुमा, प्रविण (२०८१), साल्पा, बाह्र माङ्मा र दाग्मिलुङ पोखरी, *साल्पा सिलिचुङ्- सिलिछो, मुन्दुमी मिथक र विश्वास*, साल्पा सिलीचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति, पृ.१३२-१४९ ।

राई, कमलजंग (२०८१), साल्पा र सिलिचोङ, *साल्पा सिलिचुङ्-सिलिछो, मुन्दुमी मिथक र विश्वास*, साल्पा सिलीचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति, पृ.१५३-१६३।

राई, गडुलमान (२०८१), सालपा र रिभ्याँमा, *साल्पा सिलिचुङ्- सिलिछो, मुन्दुमी मिथक र विश्वास*, साल्पा सिलीचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति । पृ.८०-८३ ।

राई, चतुरभक्त (२०८१). साल्पा, सिलिचुङ र हाँडीपोखरी, *साल्पा सिलीचुङ्- सिलिछो, मुन्दुमी, मिथक र विश्वास*, साल्पा सिलीचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति । पृ.९४-१२२।

राई, तारामणि (२०७२), मुन्दुममा महिला भाषिक अध्ययन, *सुम्निमा*, मुन्दुम र महिला विशेष, किरात राई सुम्निमा संघ, पृ. ७२ ।

राई, तारामणि (२०७८), किराती भाषामा लैंगिककता, *सुम्निमा*, (२) पृ. २२-२५।

राई, बिष्णु एस. (२०७१), *किरात सभ्यता उभौली र उधौली पर्ब मानवशास्त्रीय अध्ययन*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

राई भक्त र मुकारूङ पारस (२०७४), *किरात राई मुन्दुमको समाजशास्त्रीय तथा सङ्गीतशास्त्रीय अध्ययन*, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, काठमान्डौं नेपाल ।

राई भक्त (२०७४) *पूर्वीय दर्शन*, नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई, राजेन्द्र किराती (२०८१), *संसारमा समाजवाद*, शिवकला राई ।

राई, शान्तिदेबी (२०८०), *तुवाचुङ*, किरात राई चाम्लिङ खम्बातिम, महिला विभाग, ङामैचिमै बचत समूहको मुखपत्र ।

राई, शालिकराम (२०८०), बान्तावा राई संस्कृतिमा साकेला सिली, (शोधपत्र) त्रि.वि मानविकी शिक्षाशास्त्र सङ्काय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग ।

शर्मा, जनकलाल (२०६७), *हाम्रो समाज एक अध्ययन*, ललितपुरः साझा प्रकाशन ।

हतुवाली, चन्द्रकुमार (२०६४), *साकेन्वा किरात राईहरूको महान चाड*, बान्तावा अनुसन्धान प्रतिष्ठान काठमान्डौं ।

हार्ताम्छाली, नारदमणि (२०८१), मातृसत्ता र साल्पा पोखरी, *साल्पा सिलीचुङ्-सिलिछो, मुन्दुमी, मिथक र विश्वास*, साल्पा सिलिचुङ् सरोकार संरक्षण तथा प्रबर्धन केन्द्र अन्तर्राष्ट्रिय समिति, पृ.२०३-२०८।

## अन्तर्वार्ता

राई, ढकबहादुर माङपा, व्यक्तिगत अन्तर्वार्ता, २०८२, भदौ २७ गते ।

रूपाबुङ्, रामचन्द्र व्यक्तिगत अन्तर्वार्ता, २०८२, भदौ १८ गते ।

राई, शालिक व्यक्तिगत अर्न्तार्ता, २०८२, भदौ २५ गते ।